दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान

आज मिति २०८० कार्तिक १९ गते आइतबार दिन दार्मा गाउँपालिका आ.व. २०८०/८१ को छैठौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री हेमन्त व. थापा | का. प्र. |

**प्रस्तावहरु**

१. भुकम्पमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्ने सम्बन्धमा।
२. शोक मनाउने सम्बन्धमा।
३. क्षतिको प्रारम्भिक विवरण संकलन सम्बन्धमा।
४. राहत तथा पुनर्स्थापना कार्यक्रम सम्बन्धमा।
५. आकस्मिक कोषमा बजेट विनियोजन गर्ने सैंम्बन्धमा।
६. भुकम्प सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने सम्बन्धमा।
७. सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
८. बडा दशै तथा दिपावली २०८० सम्बंन्धमा।
९. नयाँ प्रशासनीक भवनको थप काम सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

**निर्णय नं १**

मिति २०८०/०७/१७ गतेको भुकम्पमा परी ज्यान गुमाउने दार्मा- ६ मलिबाङ निवसी २५ वर्षिय भूमिका शाही मल्ल र निजका ४ बर्षीय छोरा लेखनाथ मल्ल प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्ने र मृतकहरुको राहत तथा क्षतिपूर्तिको लागि प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं २**

कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०७/१८ गतेको बैठकको निर्णय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय विरेन्द्रनगर सुर्खेतको मिति २०८०/०७/१८ को प्रेस विज्ञप्ती अनुसार भुकम्पमा परी ज्यान गुमाउने व्यक्तिहरुको सम्झनामा श्रद्धाञ्जली व्यक्त गर्न आज मिति २०८०/०७/१९ गतेको दिन दार्मा गाउँपालिकामामा शोक मनाउने।

**निर्णय नं ३**

भुकम्पमा भएको क्षतिको प्रारम्भिक विवरण संकलनमा खटिने वडा अध्यक्ष, वडा सदस्य, कर्मचारी, सुरक्षाकर्मीहरुलाई धन्यवाद व्यक्त गर्दै क्षतिको प्रारम्भिक विवरण तपसिल बमोजिम सार्वजनिक गर्ने र क्षतिको पूर्ण विवरण संकलनको लागि सामाजिक परिचालक,स्वास्थ्यकर्मी, प्राबिधिक टोलिलाई खटाउने।

गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

क) मानवीय क्षति

| सि.नं | मृतकको नाम | ठेगाना | उमेर | कैफियत |
|---|---|---|---|---|
| १ | भूमिका मल्ल | दार्मा -६ | २५ | |
| २ | लेखनाथ मल्ल | दार्मा -६ | ४ | |

ख) भौतिक क्षति :

| वडा नं | पूर्ण क्षति भएको घर | आंशिक क्षति घर | अन्य क्षति | कैफियत |
|---|---|---|---|---|
| १ | २२ | ८२ | | |
| २ | २६ | ६३ | | |
| ३ | ६ | ३२ | | |
| ४ | ८ | २७ | | |
| ५ | ६७ | १५१ | १ वटा वाख्रा | |
| ६ | २४ | ६२ | २ बाख्रा मरेको | |
| जम्मा | १५३ | ४१७ | | |

**निर्णय नं ४**

भुकम्पमा भएको क्षतिको परिमाणको आधारमा तत्काल त्रिपाल, खाद्यान्न, लत्ताकपडा लगायतको राहत सामाग्रि उपलब्ध गराउने । राहत उपलब्ध गराउदा प्रहरी र प्राविधिकको सिफारिसको आधारमा घर भत्केका र बस्न निमिल्ने तथा बाहिरै बसेको परिवारलाई प्राथमिकतामा राखी राहत वितरण गर्ने ।

**निर्णय नं ५**

भुकम्पबाट प्रभावित लाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन तथा अन्य विपदजन्य कार्यमा खर्च गर्न विपद व्यवस्थापन कोषमा बजेट अभाव भएको कारण तपसिल बमोजिम बजेट रकमान्तर गरि उक्त कोषमा बजेट व्यवस्थापन गर्ने ।

| सि नं | रकमान्तर अघिको | | रकमान्तर पछिको | |
|---|---|---|---|---|
| | शिर्षक | रकम | शिर्षक | रकम |
| | | | | |

गाउँपालिका कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**निर्णय नं ६**

भुकम्पबाट हुने क्षति न्युनिकरण तथा भुकम्पबाट बच्ने उपायहरु सम्बन्धमा सचेतना जगाउन वडा अध्यक्षहरुको नेतृत्वमा वडा सचिव, वास इकाईका कर्मचारी, प्राबिधिक सम्मिलित टोलिले सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं ७**

सुरक्षित नागरिक आवास कार्यक्रम:- कर्णाली प्रदेशका सल्यान जिल्ला क्षेत्र नं. १ अन्तर्गत दार्मा गाउँपालिका -१३२ वटा (क्रमागत) शिर्षकमा विनियोजित बजेट रु २४,००,०००। (चौबिस लाख) कार्यान्वयनको सन्दर्भमा क्रमागत आवास निर्माण कार्य सम्पन्न भइसकेको र उक्त बजेट क्रमागत आवास निर्माणको लागि प्राप्त भएकोले नयाँ आवास निर्माणको लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्न सम्बन्धित निकायमा अनुरोध पठाउने ।

**निर्णय नं ८**

बिजया दशमी तथा दिपावली, २०८० को सन्दर्भमा भएको तपसिलको कार्यक्रम तथा खर्च अनुमोदन गर्ने ।

क) ईलाका प्रहरी कार्यालय,फारुलाचौरको लागि दशै खर्च एकमुष्ट रु. २०,००० ।

ख) दार्मा गाउँपालिकाको आयोजनामा भएको सुभकामना आदान प्रदान, सम्मान तथा अन्तरक्रिया कार्यक्रम

**निर्णय नं ९**

निर्माणाधिन प्रशासनिक भवनमा निर्माण व्यवसायीसँगको सम्झौतामा उल्लेख भएको काम बाहेकका तपसिलका केहि कामहरु गर्नुपर्ने हुँदा उक्त कामहरु कार्यालयले तत्काल अगाडि बढाउन निर्देशन दिने ।

तपसिल

१. २ वटा हलहरुमा सिलिङ लगायतको डेकोरेसन,

२. हलहरुमा मञ्च, वैठक लवीं लगायतको डेकोरेसन,

३. सोधपुक्ष कक्ष ( reception chamber) र Kitchen निर्माण,

४. अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायतका शाखाहरुको डेकोरेसन,

५. आवश्यक फर्निचर तथा मेशिनरी सामानको व्यवस्थापन,

६. Networking, Digital Information Bord, डिजिटल नागरिक वडापत्र,

**निर्णय नं १०**

क) सामुदायीक अध्ययन केन्द्र ढाकाडम लाई आ.व. २०८०/०८१ को लागि नवीकरण गर्ने।

गाउँपालिका
कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

राम ओली
प्रशासकीय अधिकृत